नेपाल सरकार
भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि ब्यवस्थापन तथा अभिलेख बिभाग
बबरमहल, काठमाण्डौ

भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिने सम्बन्धी सूचना

शाखा अधिकृत

मिति : २०८३/०५/३०

मालपोत ऐन २०३४ को दफा २६क. मा भएको व्यवस्था अनुसार घरजग्गा कारोवारको लागि इजाजत पत्र लिई सकेका इजाजत पत्र फर्म/संस्थाहरुले मालपोत नियमावली २०३६ (आठौं संशोधन २०८२) को नियम २३ठ. बमोजिम कार्य गर्न नियम २३क. बमोजिमको भू-सेवा केन्द्र सञ्चालन गर्न चाहने इजाजत प्राप्त संस्था/फर्मले तपसिल अनुसारको कागजात संलग्न गरी https://public.dolma.gov.np मार्फत् विभागमा अनलाइन निवेदन पेश गर्नु हुन यस विभागको मिति २०८३/०५/३० को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल

१. भू-सेवा केन्द्र सञ्चालन गर्ने संस्थाको योग्यता

क) प्रचलित कानूनबमोजिम घरजग्गा कारोवारमा सेवा प्रदायक संस्थाको रूपमा दर्ता भएको,

ख) नेपाली नागरिकले स्थापना र सञ्चालन गरेको,

ग) संस्थाको नाममा युजर आईडि लिने व्यक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तीमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको,

घ) प्रचलित कानूनबमोजिम संस्थाको नाममा व्यवसायिक स्थायी लेखा नम्बर लिएको,

ङ) करचुक्ताको प्रमाणपत्र भएको,

च) भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ३८२ बमोजिमको भौतिक पूर्वाधार भएको,

छ) संस्थाका सञ्चालक कुनै पनि सार्वजनिक पद धारण नगरेको,

ज) अनुमतिपत्र प्राप्त गर्न अयोग्य हुने गरी कालो सूचीमा सूचीकृत नभएको ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
बबरमहल, काठमाण्डौं

२. भु-सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पूर्वाधार,

(क) कम्प्यूटर,

(ख) प्रिन्टर,

(ग) स्क्यानर,

(घ) कम्ती मा ५/५ एमविपिएस को इन्टरनेट जडान गरेको,

(ङ) भू-सूचना प्रणालीसँग कम्प्याटिवल हुने वायोमेट्रिक डिभाइस, वेब, क्यामरा तथा दस्तखत मेशिन,

(घ) पावर व्याकअप सिस्टम।

३. अनुमतिपत्रको दस्तुर,

अनुमतिपत्रको निवेदनको लागि रु ५०००।- दस्तुर लाग्ने छ । उक्त दस्तुर निम्न खातामा जम्मा गर्नु पर्ने छ ।

Nome of the Bank: Rastriya Banijaya Bank
Office Code no. 365033501
Name of Office: Department of Land Management and Archive
Office Account no.: 1000200010000
Rajaswa (revenue) Shirshak no.: 14229

४. धरौटी/बैंक जमानतः-

भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने संस्थाले धरौटी बापत रु. २,००,०००।- (दुई लाख) बराबरको विभागको नाममा बैंक ग्यारेन्टी वा निम्न खातामा धरौटी बापतको नगद रकम जम्मा गर्नु पर्नेछ। बैंक ग्यारेण्टीको हकमा चालू आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको ग्यारेण्टी पेश गर्नु पर्नेछ।

क) Deposit Account No. 1201200001002524, Bank Name: Nepal Rastra Bank,

ख) Office Name: District Treasury Controller Office, Kathmandu

ग) office Code: (27-312-67) 365033501